# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल

**BHARATPUR METROPOLITAN CITY**

**Office of Municipal Executive**

**Bhratpur, Chitwan, Nepal**

प.सं. ०७५।०७६

च.नं. ६२९५

मितिः २०७६/०३/०३

विषयः प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन सम्बन्धमा ।

श्री वडा कार्यालय सबै (१ देखि २९)

भरतपुर महानगरपालिका, चितवन ।

प्रस्तुत विषयमा नेपाल सरकारको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत न्यूनतम रोजगारीमा संलग्न हुने उद्देश्यले आफूले स्थायी बसोबास गरेको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा निवेदन दिई तहाँ वडामा सूचीकृत भएका बेरोजगार व्यक्तिहरु मध्ये श्रममूलक सार्वजनिक विकास निर्माणका काममा देहायका सेवा र शर्त बमोजिम दैनिक ८ घण्टा कार्य गर्न ईच्छुक बेरोजगार व्यक्तिहरुको नामावली सिफारिस गरि पठाईदिनु अनुरोध गर्दछु।

तपशीलः

कामका सेवा र शर्तहरुः

- काममा हेभी साधन तथा उपकरणहरु प्रयोग गर्न पाईने छैन ।
- वडाले छनौट गरेका १२ वा १८ जना कामदारलाई प्रति दिन रु. ८००।- को दरले २० दिन सम्म काममा खटाउनु पर्नेछ।
- खाजा खर्च कामदार आफैंले व्यहोर्नु पर्नेछ ।
- वडाले काम सुरु हुनु पुर्व काम संचालन भइरहेको अवस्थामा र काम सम्पन्न भएपश्चात अनुगमन निरीक्षण गरी महानगरपालिकामा अन्तिम भुक्तानीका लागि प्रतिवेदन सहित माग गर्नुपर्नेछ।

..............................

(जेत्रप्रसाद सुवेदी)

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क व्यक्ति

बिनोद खराल

रोजगार संयोजक (शा. अ.)

मोबाईल नं.:-९८४५३५६१२८

ईमेल :- binod.kharal2048@gmail.com

# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल

**BHARATPUR METROPOLITAN CITY**
**Office of Municipal Executive**
**Bhratpur, Chitwan, Nepal**


प.सं. ०७५।०७६

च.नं. ६२५५

मितिः २०७६/०३/०३

विषयः प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि सामाग्री खरिद सम्बन्धमा ।

श्री वडा कार्यालय सबै (१देखि २९)

भरतपुर महानगरपालिका, चितवन ।

प्रस्तुत विषयमा तहाँ वडा कार्यालय मार्फत संचालन हुने प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि आवश्यक सामाग्री खरिद गर्ने सम्बन्धमा **पारिश्रमिकमा आधारित सामुदायिक आयोजना(सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६** तथा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम देहायका सामाग्रीहरु खरिद गरी कार्यक्रम अगाडी बढाउनुहुन अनुरोध छ ।

**तपशीलः**

१. कुटो, कोदालो,
२. सावेल, तगरी
३. First Aid Box
४. माक्स, पन्जा
५. फलफूलको विरुवा
६. ढुङ्गा, गिटी, बालुवा, ईट्टा, सिमेन्ट
७. तारजाली
८. हसियाँ, करौंती र बन्चरो
९. अन्य आवश्यक साधारण तथा मझौला सामानहरु आदि ।

.......................................

(नेत्रप्रसाद सुवेदी)

प्रमुख प्रशासकीय अधिकृत

**सम्पर्क व्यक्तिः**

बिनोद खराल

रोजगार संयोजक (शा. अ.)

मोबाईल नं. :-९८४५३५६१२८

ईमेल :- binod.kharal2048@gmail.com